नेपाल राजपत्र

भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २६] काठमाडौं, साउन ५ गते २०३३ साल [अतिरिक्ताङ्क १०(ग)

श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
राजदरबारको
सूचना

विभूषण (चौथो संशोधन) नियमावली, २०३३

विभूषण नियमावली, २०२३ (यसपछि "मूल नियमावली" भनिएको) मा संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट देहायबमोजिमको नियमावली स्वीकृत गरिबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस नियमावलीको नाम "विभूषण (चौथो संशोधन) नियमावली, २०३३" रहेको छ ।

(२) यो नियमावली तुरून्त प्रारम्भ हुनेछ ।

आधिकारिक पाठ मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. मूल नियमावलीको नियम ७४ को उप–नियम (२) पछि उप–नियम (३) थपः मूल नियमावलीको नियम ७४ को उप–नियम (२) पछि देहायबमोजिम उप–नियम (३) थपिएको छः–

"(३) उप–नियम (२) मा जेसुकै लेखिए तापनि अध्यक्षको कार्यविधि सामान्यतः पाँच वर्षको हुनेछ ।

तर श्री ५ महाराजाधिराजबाट चाहिबक्सेमा अध्यक्षको मनोनयन जहिलेसुकै पनि हेरफेर गर्न सकिबक्सनेछ ।"

हुकुम बक्से बमोजिम,
रञ्जनराज खनाल
श्री ५ महाराजाधिराजका सचिव

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।